संघीय संसद

राष्ट्रिय सभा

# विधायन व्यवस्थापन समिति

## प्रहरी समायोजन विधेयक, २०७५ सम्बन्धी प्रतिवेदन

१. प्रहरी कर्मचारी समायोजन विधेयक, २०७५ (यस पछि "विधेयक" भनिएको) को सम्बन्धमा प्रतिनिधि सभाद्वारा पारित राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदन (यसपछि "प्रतिवेदन" भनिएको) को बुँदा नं. १ अन्तर्गत विधेयकको दफा १ को उपदफा (१) लाई उद्धृत गरिएको स्थानमा उल्लिखित "कर्मचारी" भन्ने शब्द झिक्ने ।

२. विधेयकको उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्ने :-

"(२) यो ऐन प्रमाणीकरण भएको मितिले आठौं दिनदेखि प्रारम्भ हुनेछ ।"

३. विधेयकको दफा २ को खण्ड (क) पछि देहायको खण्ड (ख) थपी खण्डक्रम मिलाउने:-

"(ख) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेशको आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।"

४. प्रतिवेदनको बुँदा ८ अन्तर्गत विधेयकको दफा १० दफाक्रम मिलाउँदा कायम भएको दफा १२ को सट्टा राख्ने व्यवस्था गरिएको दफा १२ को उपदफा (१) मा रहेका "प्रदेश लोक सेवा आयोगमा माग गरी" भन्ने शब्दहरु झिक्ने ।

५. विधेयकको साविक दफा १३ प्रतिवेदन अनुसार दफाक्रम मिलाउँदा कायम हुने दफा १५ को उपदफा (१) को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थप्ने:-

"(ङ) प्रदेश प्रहरीमा समायोजन भएका प्रहरी कर्मचारीले अर्को प्रदेशमा विवाह भएको कारण सो प्रदेशमा सरुवा हुन माग गरेमा दुवै प्रदेशको समन्वयमा सरुवा हुन सक्ने व्यवस्था गर्ने।"

६. प्रतिवेदनको ठाउँ-ठाउँमा उल्लेख भएको "आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "प्रदेश मन्त्रालय" भन्ने शब्दहरु राख्ने ।

(मनोजकुमार गिरी)
सचिव

(परशु राम मेघी गुरुङ)
सभापति

मिति : २०७६/०५/१०